# प्रेस विज्ञप्ति
## जिल्ला प्रहरी कार्यालय, म्याग्दी

### म्याग्दी प्रहरीबाट एकैदिनमा कर्तव्य ज्यान मुद्दामा ५ फरार पक्राउ

मिति २०६६।११।११ गते जिल्ला म्याग्दी ओखरबोट-०३ चिउरीबोट भन्ने स्थानमा महाशिव रात्रीको अवसरमा दार्जिङखोला युवा क्लव ओखरबोट म्याग्दीले आयोजना गरेको भलिबल खेल हारेपछी जिल्ला बागलुङ तमान गा.बि.स.वडा नं.०८ बस्ने बर्ष २१ को नारायण छन्त्याललाई कर्तब्य गरि मारेको अपराध सम्बन्धमा जिल्ला अदालत म्याग्दीबाट २० बर्ष कैद (जन्मकैद) को सजायँ भई फरार रहेकोमा जिल्ला कास्की पोखराका विभिन्न स्थानहरुमा भिन्न भिन्न आवरणमा लुकिछिपि बसिरहेका निम्न स्थान बस्ने निम्न ब्यक्तीहरुलाई जिल्ला प्रहरी कार्यालय, म्याग्दीबाट खटिएको बिशेष टोलीले मिति २०७७।०५।१६ गते पक्राउ गरी जिल्ला अदालत म्याग्दीमा बुझाईएकोमा जिल्ला अदालतको आदेशले मिति २०७७।०५।१७ गते कैद भुक्तानको लागि जिल्ला कारागार म्याग्दीमा पठाईएको छ। फरार प्रतिबादी पक्राउ अभियान अन्तर्गत जिल्ला प्रहरी कार्यालय, म्याग्दीको हाल सम्मकै ठूलो सफलता हो। जिल्ला प्रहरी कार्यालय म्याग्दीले फरार पक्राउ अभियान अन्तर्गत हालसम्म १९ जनालाई पक्राउ गरी अदालतको फैसलालाई प्रभावकारी कार्यान्वयन गर्दै आईरहेको छ।

**निम्न :-**

| सि.न. | नामथर | वतन | उमेर | कैद/सजायँ | कैफियत |
|---|---|---|---|---|---|
| १ | बलमान घर्ती | जिल्ला म्याग्दी मालिका गा.पा.वडा नं.०४ | २८ | २० बर्ष कैद | |
| २ | तिर्थेन्द्र घर्ती मगर | जिल्ला म्याग्दी रुम गा.बि.स.वडा नं.०५ | २९ | २० बर्ष कैद | |
| ३ | जिवन घर्ती मगर | जिल्ला म्याग्दी मालिका गा.पा.वडा नं.०४ | ३३ | २० बर्ष कैद | |
| ४ | दुर्गा बहादुर घर्ती | जिल्ला म्याग्दी मालिका गा.पा.वडा नं.०४ | २६ | १० बर्ष कैद | बालबालिका भएकोले आधा सजायँ भएको |
| ५ | दल प्रसाद पुन | जिल्ला म्याग्दी मालिका गा.पा.वडा नं.०४ | २७ | १० बर्ष कैद | |

................................

प्र.नि.डाक्टर प्रसाद चौधरी
(सुचना अधिकारी)
जिल्ला प्रहरी कार्यालय, म्याग्दी
सम्पर्क: ९८५७६७५६६६

मिति: २०७७ भाद्र १७ गते, मंगलबार।